उपत्यकामा छिटो र सर्वाधिक बिक्री हुने जनपक्षीय विचार प्रधान दैनिक

नेपाली राष्ट्रिय दैनिक

# सन्ध्याकालीन

निष्पक्ष समाचारको लागि जनतामा समर्पित

www.sandhyakalin.com देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २९, अंक १४८ २०८२ साल बैशाख २९ गते सोमबार, May. 12. 2025, का.जि.का.द.नं. ४१/०५३/५४ मूल्य रु २।-

## सञ्चार माध्यममा आर्थिक संकट

काठमाडौं, २९ बैशाख । देशैभरका सञ्चार माध्यममा आर्थिक संकट बढेका समाचारहरु प्राप्त हुनथालेका छन् । यसैक्रममा प्राप्त एक समाचारअनुसार आर्थिक अभावका कारण सुदूरपश्चिमका एफएम रेडियो स्टेशन संकटमा परेका छन् । विज्ञापन बजार र व्यवस्थापकीय समस्याका कारण सुदूरपश्चिम प्रदेशमा सञ्चालित एफएम रेडियो संकटमा परेका हुन् । सुदूरपश्चिममा हालसम्म ४१ रेडियो स्टेशन बन्द भएका छन् । सुदूरपश्चिम प्रदेशमा दर्ता भएका १२० एफएम रेडियो स्टेशनमध्ये ४१ बन्द भएको जानकारीदिँदै नेपाल पत्रकार महासंघ सुदूरपश्चिमका महासचिव शिवराज भट्टले आर्थिक अभावमा २५ प्रतिशत रेडियोले कर्मचारी एवं पत्रकारलाई तलब दिननसक्ने परिस्थिति सृजना भएको बताउनुभएको छ । उहाँले विज्ञापन बजार सीमित छ, स्थानीय **बाँकी ४ पेजमा**

# संसदबाट सरकारको नीति तथा कार्यक्रम पारित, अब नयाँ बजेटबारेको छलफल अगाडि बढ्ने

काठमाडौं, २९ बैशाख । संसदबाट हिजो सरकारको नीति तथा कार्यक्रम पारित भएको छभने अब नयाँ बजेटबारेको छलफल अगाडि बढ्ने भएको छ । प्राप्त समाचारअनुसार प्रतिनिधि सभाको हिजोको बैठकले आब ०८२/८३ को नीति तथा कार्यक्रम बहुमतले पारित गरेको हो । बैठकमा सभामुख देवराज घिमिरेले नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गर्नुभएको थियो । गत १९ गते नीति तथा कार्यक्रम सदनमा प्रस्तुत भएको थियो । त्यसमा गत २२ देखि हिजो २८ गतेसम्म निरन्तर छलफल भएको थियो । छलफलको अन्तिम दिन हिजो प्रधानमन्त्री केपी ओलीले सांसदहरुले उठाउनुभएको प्रश्नको जवाफ दिनुभएको थियो । बैठकमा नीति तथा कार्यक्रममाथि प्राप्त संशोधनलाई निर्णयार्थ प्रस्तुत गरिएको थियो । नीति तथा कार्यक्रममाथि एकल र संयुक्तगरी कूल ३७ वटा संशोधन प्रस्ताव दर्ता भएका थिए । ती सबै अस्वीकार भएका थिए । त्यसैगरी राष्ट्रियसभाको हिजोको बैठकले आगामी आब को सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले सभामा नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गर्नुभएको थियो । सरकारले सभामा पेशगरेका नीति तथा कार्यक्रमका बिविध बुँदामा सांसदहरुद्वारा प्रस्तुत संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएका थिए । त्यसअघि प्रधानमन्त्री ओलीले सरकारको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ दिनुभएको थियो । यसैबीच प्रतिनिधिसभाको हिजोको बैठक सांसदहरुले भूमिहीन सुकुम्बासीको समस्या, विपद् व्यवस्थापन, कृषि, सडक पूर्वाधारलगायत समसामयिक विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनु भएको थियो । बैठकको शून्य समयमा भागलिँदै उहाँहरुले विद्यमान समस्या समाधानगर्ने किसिमले आगामी आब को बजेट आउनुपर्ने सुझाव दिनुभएको थियो । सांसद अच्युतप्रसाद मैनालीले अहिले पनि लाखौं भूमिहीन सुकुम्बासी रहेका बताउँदै उनीहरुको समस्या समाधानका लागि सभामुखमार्फत सरकारको **बाँकी ४ पेजमा**

## शिव सेनाका अध्यक्ष बस्नेत पक्राउ

काठमाडौं,२९ बैशाख । काठमाडौंको तीनकुने घटनामा संलग्न भएको आरोपमा शिव सेनाका अध्यक्ष अनिल बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ । बस्नेतमाथि गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक घटनामा संलग्न भएको आरोपमा लगाइएको थाहा भएको छ । बस्नेतलाई **बाँकी ४ पेजमा**

## बिभिन्न स्थानमा हत्या र मृत्यु

काठमाडौं, २९ बैशाख । बिभिन्न स्थानमा हत्या र रहस्यमय मृत्युका घटनाहरु भएका छन् । प्राप्त समाचार अनुसार झापामा कनकाई नगरपालिका-२ सुकेडाका कविराज हेमरन आफ्नै श्रीमतीको घाँटीमा धारिलो हतियार प्रहारगरी हत्यागरेको अभियोगमा पक्राउपरेका छन् । कविराजले श्रीमती पूजा हेमरनको खुकुरी प्रहारगरी हत्यागरेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक खगेन्द्र बहादुर खड्काले जानकारी दिनुभएको छ । आपसमा झगडा भएपछि उक्त घटना भएको प्रहरकि भनाई छ । त्यसैगरी जाजरकोटमा एकजना थुनुवा कारागारको शौचालयमा मृतावस्थामा फेलापरेका छन्। भेरी नगर पालिका-१० का दीपक बुढा मगर कारागारको शौचालय भित्र मृत फेलापरेको जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी निरीक्षक सन्तोष चन्दले जानकारी दिनुभएको छ । मगर झुण्डिएको अवस्थामा फेला परेको प्रहरी निरीक्षक चन्दको भनाई छ । **बाँकी ४ पेजमा**

## राप्रपाको कार्यालयमा राजावादी संयुक्त जनआन्दोलन समितिको बैठक सम्पन्न, आन्दोलन चर्काउने निर्णय

काठमाडौं, २९ बैशाख । राप्रपाको कार्यालयमा हिजो बसेको राजावादी संयुक्त जनआन्दोलन समितिको बैठकले आन्दोलन चर्काउने निर्णय गरेको थाहा भएको छ । प्राप्त समाचार अनुसार बैठकमा संयोजक सुवेदी, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापा, राप्रपाका पूर्व अध्यक्षद्वय पशुपति शमशेर जबरा र प्रकाशचन्द्र लोहनीलगायतको उपस्थिति थियो । बैठकमा आगामी जेठ १५ गतेदेखि गर्ने तयभएको जनआन्दोलनका बारेमा छलफल भएको बताइएको छ । बैठकले आगामी जेठ १५ गतेदेखि शुरुहुने काठमाडौं उपत्यकाकेन्द्रित जनआन्दोलनमा पार्टी, संस्था, अभियानका सबै संरचनाहरु परिचालनगर्ने निर्णय गरेको राप्रपा प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिनुभएको छ । उहाँकाअनुसार जनआन्दोलन प्रारम्भ हुनुभन्दा केही दिनअघि उपत्यकामा प्रचारात्मक अभियान सञ्चालनगर्ने, यसको शुरु जेठ आठगते काठमाडौंको साँखुबाट हुने निर्णय भएको छ । बैठकले जेठ आठ, नौ, १० र ११ गते काठमाडौं उपत्यका जनजागरण यात्रागर्ने, काठमाडौं उपत्यकाका सबै १५ पालिका भित्रका महत्वपूर्ण स्थानहरुमा कोण सभागर्ने र जेठ १३ गते वृहत युवा स्वयमसेवक भेलागर्ने निर्णय भएको बैठकपछि संयोजक सुवेदीले जारीगरेको एक विज्ञप्तिमा उल्लेख छ। संयुक्त जनआन्दोलन समितिमा आवद्ध दल, संघसंस्था, अभियन्ताहरुले आपसी समझदारीमा आगामी जेठ **बाँकी ४ पेजमा**

## आगलागीबाट क्षति

काठमाडौं, २९ बैशाख । बिभिन्न स्थानमा आगलागीका घटनाहरु बढेका छन् । यसैक्रममा प्राप्त एक समाचारअनुसार रामेछापको लिखु तामाकोशी-२ सैपु तिलौरीमा बिद्युत सर्टभएर आगालागीहुँदा एउटा घर पूर्णरुपमा जलेर नष्टभएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कौशल न्यौपानेका अनुसार लिखु तामाकोशी-२ सैपुका चन्द्रबहादुर पौडेलको घरमा आगलागी भएको हो । आगलागी भएको घरमा पाँचजनाको परिवार बस्दैआएको थियो । **बाँकी ४ पेजमा**

## इन्जिनियरविरुद्ध भ्रष्टाचार मुद्धा दायर

काठमाडौं, २९ बैशाख । एकजना इन्जिनियरविरुद्ध भ्रष्टाचार मुद्धा दायर भएको थाहाभएको छ । प्राप्त समाचारअनुसार उपत्यका विकास प्राधिकरणद्वारा सञ्चालित दिव्येश्वरी जग्गा एकीकरण आयोजनामा सव-इन्जिनियर पदमा कार्यरत कुमार पौड्यालविरुद्ध तीन करोड ६३ लाख २१ हजार २०७ रुपैयाँ भ्रष्टाचार गरेको भन्दै मुद्धा दायर भएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ताकाअनुसार पौड्यालले ०५१ साल बैशाख नौगतेदेखि ०८० असार ३१ गतेसम्म सार्वजनिक पदमा रहँदा पदीय **बाँकी ४ पेजमा**

## गभर्नर छनोट समितिमा भाँडभैलो

काठमाडौं, २९ बैशाख । गभर्नर छनोट समितिमा भाँडभैलो शुरु भएको थाहाभएको छ । प्राप्त समाचारअनुसार सर्वोच्च अदालतले राष्ट्रबैंकको गभर्नर सिफारिस समितिका सदस्य महाप्रसाद अधिकारीविरुद्ध परेको रिट निवेदन दर्तागरेको छ । हिजो आइतबार रिट दर्तागर्दै भोली ३० गतेलाई पेशीसमेत तोकिएको छ । अधिवक्ता नवीन धितालले गत २५ गतेनै दायर गरेको रिट हिजोमात्र दर्ताभएको हो । उक्त रिटमा सरकारले गठन गरेको तीन सदस्यीय सिफारिस समितिमा अधिकारी बस्नै नमिल्ने जिकिर **बाँकी ४ पेजमा**

## १६ जना पक्राउ

काठमाडौं, २९ बैशाख । जुवातास खेलिरहेको अवस्थामा १६ जना पक्राउ परेका छन् । प्राप्त समाचारअनुसार भक्तपुरको मध्यपुर थिमी नगरपालिका-३ गट्ठाघरबस्ने तनहुँको ऋषिङ-८ घर भएका बिष्णुकुमार श्रेष्ठको पसलमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँबस्ने सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-७ का भीम प्रधान समेतका चारजनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त थिमीबाट खटिएको प्रहरीले उनीहरुलाई नगद १३ हजार ७६० रुपैयाँ र एकबुक ताससहित पक्राउ गरिएको हो । त्यसैगरी मध्यपुर थिमी नगरपालिका-१ लोकन्थली मनहरा आँखा अस्पताल **बाँकी ४ पेजमा**

## सवारी दुर्घटनामा मृत्यु तथा घाइते

काठमाडौं, २९ बैशाख । सवारी दुर्घटनामा मृत्यु तथा घाइते भएका समाचारहरु प्राप्तभएका छन् । प्राप्त समाचारअनुसार ट्रकको ठक्करबाट झापाको दमकमा स्कुटी चालकको मृत्युभएको छभने एकजना घाइतेभएका छन् । मृत्युहुनेमा ताप्लेजुङको दोभानका अंकित लिम्बू रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । सोही घटनामा पाँचथरको मिक्लाजुङ-४ का सृजना राई घाइते भएकी छन् । उनको अवस्था गम्भीर रहेको प्रहरी जनाएको छ । जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख राजन लिम्बूकाअनुसार उनीहरु कामबाट कोठातर्फ फर्किँदैगर्दा दमक नगरपालिका-१ स्थित रवि स्टेण्डको गेटमा बेलडाँगीबाट दमकतर्फ आउँदैगरेको ग१ख ६४३७ नम्बरको ट्रकले फालुनन्द चोकबाट बेलडाँगीतर्फ जाँदैगरेको मे८प ४५५८ नम्बरको स्कुटीलाई ठक्कर दिएको थियो । घाइतेलाई दमक अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि बिर्तामोडस्थित बिएण्डसी अस्पतालमा लगिएको छ । दुर्घटनापछि ट्रक चालक फरार छन्भने ट्रक र स्कुटी प्रहरीले नियन्त्रणमा लिएको छ। त्यसैगरी चितवनको इच्छाकामना-५ तुइनखोलामा ट्रक पल्टिँदा अवरुद्ध नारायणगढ-मुग्लिन सडक खुलेको छ । वीरगञ्जबाट काठमाडौं आउँदै गरेको मधेस प्रदेश०३-००१ख ९८१७ नम्बरको कोइला बोकेको ट्रक सो स्थानमा पल्टिएको थियो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार ट्रक अन्यत्र सारेर सडक एकतर्फी खुलागरेको र दुर्घटनामा मानवीय क्षति नभएको उहाँले बताउनु भएको छ । दुर्घटनास्थल मुग्लिनबाट दुई किलोमिटर दक्षिणमा पर्छ । त्यसैगरी काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका-७ स्थित हेलम्बु राजमार्गमा टिपर दुर्घटनाहुँदा चालकको घटनास्थलमै मृत्युभएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार इन्द्रावती खोलाबाट बालुवा लिएर पाँचखालतर्फ आउनेक्रममा बा४ख ३३६३ नम्बरको टिपर उकालोमा ब्याकभई अनियन्त्रितहुँदा करिब १०० मिटर तल खसेको थियो । सो घटनामा चालक नुवाकोटको सूर्यगढी-७ का लवकुश अधिकारीको मृत्युभएको थियो ।

# नेपालमा वन्यजन्तुको पनि आश्रयस्थल बन्दै

काठमाडौं । कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्तारै पर्यटकहरुको रोजाइमा पर्नथालेको छ । शान्त वातावरण, ठूलो घाँसे मैदान र थोरै क्षेत्रफलमा धेरै वन्यजन्तु हेर्न मिल्ने भएकाले पनि स्वदेशी तथा विदेशी पर्यटकहरुको रोजाइ शुल्लाफाँटा हुनेगरेको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको प्रवेशद्वारबाट २४ किलोमिटरको दूरीमा शुक्लाफाँटामा ठूलो घासे मैदान (फाँट) छ । विश्वकै सबैभन्दा ठूलो घाँसेमैदानमा पनि यसको विशेषता हो ।

३०५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यो निकुञ्ज बाह्रसिंगेका लागि प्रसिद्ध मानिन्छ । जुन फाँटमा एकैपटक सयौँ बाहसिंगाको भ्रुण्ड देख्न सकिन्छ । यहाँ घुम्नआउने आगन्तुकहरुलाई फाँटामा बाह्रसिङ्गाले स्वागत गर्छन् । बाह्रसिंगाको टाउकामा सिङका छ-छ वटा हाँगा हुन्छन् । आँखै अगाडि देखिने बाह्रसिङ्गाको भ्रुण्डले यहाँ आउने आगन्तुकको मन लोभ्याउने गरेको छ । शुक्लाफाँटाको विशाल घाँसेमैदानमा मयुँर नाचेको दृश्यले त आगन्तुकको मनै लोभ्याउने गरेको छ । उक्त फाँटमा पाठेबाघको दृश्यसमेत देख्न सकिन्छ । शुक्लाफाँटाको पूर्वीतर्फ बग्ने चौधर खोला, बर्कौला र फाँटा पाटेबाघ देखिने ठाउँ हुन् । सोही फाँटमा राजा महेन्द्रले ०२४ सालमा सिकार खेलेका र हालको दुधिया क्याप्प भन्ने ठाउँमा राजा महेन्द्र एकरात बास बसेको बताइन्छ । शुक्लाफाँटा घुम्ने मुख्य समय फागुनदेखि असारसम्म हो । वसन्त ऋतुमा त शुक्लाफाँटामा फुल्ने रंगीविरंगी फूलहरुले आगन्तुकलाई स्वर्गको आभास दिलाउँछ । निकुञ्जभित्र अन्य थुप्रै साना-ठूला धेरै फाँटाहरु छन्, जहाँ बिभिन्न प्रजातिका चराचुरुंगी देख्न पाइन्छ । निकुञ्जको पूर्वी क्षेत्रमा हिरापुर फाँटा छ, त्यहाँ कृष्णसार संरक्षण गरिएको छ । निकुञ्ज प्रवेश गर्ने दुईवटा बाटा छन् । एउटा रानीताल भएर फाँटा पुगिन्छ भने अर्को बर्कौलाको बाटो । फाँटमा पर्यटकका लागि काठका चार वटा मचान बनाइएका छन् । ती मचानहरुबाट पर्यटकले शुक्लाफाँटाको दृश्य अवलोकनगर्न र तस्वीर लिने सक्नेछन् । शुक्लाफाँटाभित्रै रानी ताल छ । त्यहाँ रानी ताल सँगसँगै अन्य ससाना तालहरु पनि छन् । त्यहाँ प्रशस्त रुपमा गोहीहरु र चराचुरुंगीहरु देख्नपाइन्छ । जानकारहरुका अनुसार सिंहपाल राजाका रानीहरुले नुहाउने ताल भएकाले उक्त तालको नामकरण रानी ताल राखिएको हो । वन्यजन्तुमात्रै नभई दुर्लभ वनस्पतिको लागि पनि प्रसिद्ध ठाउँ हो शुक्लाफाँटा । निकुञ्जमा १२ प्रजातिका घस्रने वन्यजन्तु रहेका छन्भने २० प्रजातिका उभयचर, २४ प्रजातिका माछा, ३५ प्रजातिका पुतली, ८०-९० वटा निलगाई र ४४९ भन्दाबढी प्रजातिका चरा रहेको निकुञ्ज कार्यालयले जनाएको छ । विश्वमै दुर्लभ मानिएको सारस, खरमजुर, सिम तित्रा, राजधेश र लेसर भूँडीफोरजस्ता वन्यजन्तु पनि छन् । स्तनधारी वन्यजन्तुमा पाटेबाघ, एकसिंगे गैँडा, हात्ती बाह्रसिंगा, कृष्णसार, सालक, नीलगाई, चितुवा चितल, लगुना, रतुवा, हिसपिड खरायो, बँदेललगायत ५३ भन्दाबढी प्रजातिहरु रहेका छन् ।

त्यसैगरी २५ वटा जंगली हात्ती, १६ वटा एकसिंगे गैँडा, ४२ वटा पाठेबाघ रहेको बताइन्छ । शुक्लाफाँटाको छेउ पिपरियामा रहेको हात्तीसारमा हात्ती चढ्न पाइन्छ । निकुञ्जका सुचना अधिकारी पुरुषोत्तम वाग्ले पछिल्लो समय निकुञ्ज घुम्न आउने पर्यटकको संख्यामा वृद्धि भएको बताउनुहुन्छ । उहाँका अनुसार चालु आर्थिक बर्षको कात्तिकदेखि चैत्र मसान्तसम्म शुक्लाफाँटामा दुई हजार ३८८ विदेशी र दुईहजार १८१ जना नेपाली पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । सबैभन्दा बढी फ्रान्स र स्पेनका पर्यटक यहाँ घुम्न आउँछन् । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका नेचर गाइड विष्णुप्रसाद पनेरु फाँटामा एकै ठाउँमा बिभिन्न प्रजातिका चरा, बाह्रसिंगा, बाघ, गैँडालगायत दुर्लभ वन्यजन्तु देखिँदा विदेशीहरु धेरै खुसी हुने गरेको बताउनुहुन्छ । शुक्लाफाँटामा शुक्लाफाँटा पर्यटकका लागि यो उत्कृष्ट गन्तव्य भएकाले ठूलो संख्यामा विदेशी पर्यटक भित्र्याउन सकिने सम्भावना रहेको स्थानीय रमेश पन्त बताउनुहुन्छ । उहाँले यहाँबाट भारतका ठूला सहरहरु धैरै नजिक भएकाले त्यहाँ आउने पर्यटकहरुलाई आकर्षणगर्न सकिन्छ भन्नुभयो । उहाँले शुक्लाफाँटामात्रै नभई नजिकै रहेको दोधारा चाँदनी भोलुंगेपुल, भिलमीला तालगायत सहायक गन्तव्य रहेको बताउँदै राज्यस्तरबाट पूर्वाधार विकासमा जोड दिनुपर्ने बताउनुभयो । पछिल्लो समय पश्चिमी सीमानाका गड्डाचौकी भएर नेपाल भित्रिने विदेशी पर्यटकको संख्यासमेत बढ्दै गएकाले पर्यटकहरुको सहजताका लागि तीनवटै तहका सरकारले लाग्नुपर्ने उहाँको भनाइ छ । रासस

# हिमश्रृंखला, सूर्योदयका लागि तास्नाधुरी

काठमाडौं । म्याग्दीको धवलागिरी-१ गुर्जास्थित तास्नाधुरी पर्यटकका पर्खाइमा छ । हिम श्रृंखला, सूर्योदय, पहाडी भूगोलको दृष्यावलोकन र एकान्त वातावरणमा रमाउन सकिने तास्नाधुरी प्रचारप्रसार र पूर्वाधारको कमीले ओझेल परेको हो । समुद्री सतहबाट तीनहजार २०० मिटर उचाइमा रहेको तास्नाधुरीबाट गुर्जा, धवलागिरि र अन्नपूर्ण हिमाललाई नजिकैबाट नियाल्न सकिन्छ । गुर्जाका बासिन्दा तुलसी छन्त्यालले तास्नाधुरीमा न्यून संख्यामा पर्यटक आउने गरेको बताउनुभयो । गुर्जामा अल्पसंख्यक छन्त्याल समुदायको संस्कृति, रहनसहन र जीवनशैलीमा रमाउन पर्यटक आउँछन् । उहाँले पहाडको फेदीमा रहेको गुर्जाबाट डाँडाले छेक्ने भएकाले हिमाल देखिँदैन । दृश्यावलोकनका लागि पर्यटकलाई तास्ना उकाल्न सकेमा बसाइ लम्ब्याउन सकिन्छ भन्नुभयो । गुर्जाबाट एक घण्टा पैदलयात्रा गरेपछि तास्नाधुरी पुगिन्छ । गुर्जा गाउँको शिरमा भिरालो पाखोमा तास्नाधुरी अवस्थित छ । तास्नावरपरको पाखामा वसन्तयाममा गुराँस र बर्खामा बुकी फुलेर रंगिन्छ । तास्नाको बुकीपाटन घरपालुवा गाईभैंसी र भेडाबाख्राको घुम्ती गोठ राख्ने चरन खर्क हो । हालै गुर्जा घुमेर आउनुभएका बेनीका नारायण शर्माले हिमाल हेर्दै हाइकिङ गरेर तास्नाधुरी पुग्दा उकालो यात्राको थकान भुलाएको अनुभव सुनाउनुभयो । डाँडामा बसेर पृष्ठभूमिमा हिमाललाई नजिकबाट नियाल्न पाउँदा मन प्रफुल्ल भएको उहाँले बताउनुभयो । प्रकृतिसँग रमाउन तास्नाधुरी उपयुक्त गन्तव्य भएको शर्माको अनुभव छ । गुर्जामा पाहुनाको बसाइ लम्ब्याउन तास्नाधुरीलाई सहायक गन्तव्यका रुपमा विकास गर्न पूर्वाधार निर्माण थालिएको छ । वडाध्यक्ष झक छन्त्यालले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत चालु आर्थिक बर्षमा गाउँपालिकाले विनियोजन गरेको १० लाख बजेटबाट गुर्जाको नाइलीबारीबाट तास्नाधुरी जोड्ने पदमार्ग निर्माण गरिएको बताउनुभयो । बीस जना बेरोजगार युवायुवती परिचालन गरेर तीन किलोमिटर ५०० मिटर पदमार्ग निर्माण गरिएको छ । गोठला र स्थानीयवासीले घाँस, दाउरागर्न तास्नाधुरी जावत-जावतगर्न प्रयोग गरेको परम्परागत बाटोलाई स्तरोन्नति गरेर पदमार्ग बनाइएको हो । माटो काट्ने र ढुंगाको सिँढी चिनेर पदमार्ग बनाइएको छ । पदमार्ग बनेपछि भिर र पाखोमा जोखिम मोलेर यात्रा गर्नुपर्ने तथा बाटो बिराउने समस्या हटेको छ, यात्रा सुरक्षित भएको छ । बिचित्रका हिमाली र पहाडी धरातल, वनस्पति र सामाजिक संस्कृतिले भरिपूर्ण गुर्जागाउँमा अझै पनि प्राचीन समाजका अवशेष भेट्न पाइन्छ । गुर्जाबाट ढोरपाटन, गुर्जा, पुथा, चुरेन हिमालको आधार, डोल्पा र पूर्वीरुकुम जान सकिन्छ । रासस

# भूमिगत बिद्युतीकरणको काम ७५ प्रतिशत सकियो

काठमाडौं । चितवनको भरतपुर महानगरपालिकाको शहरी क्षेत्रमा शुरु गरिएको भूमिगत बिद्युतीकरणको काम ७५ प्रतिशत सम्पन्न भएको छ । नेपाल बिद्युत प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले भूमिगत बिद्युतीकरणको काम केन्द्रीय बस ट्रमिनलबाट टिकौलीसम्मको बाहेक अन्यत्रको भूमिगतगर्ने काम सम्पन्न भएको जनाएको छ । आयोजनाका प्रमुख इञ्जिनीयर आनन्द सुवेदीका अनुसार पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पुलचोकबाट केन्द्रीय बस ट्रर्मिलनसम्मको सडकमा भूमिगत गर्ने काम सम्पन्न भएको छ । ती क्षेत्रमा स्थानीयको घरमा जडानको काम बाँकी रहेको उहाँले जानकारी दिनुभयो । बाइपास सडकमा आँपटारीबाट केन्द्रीय बस ट्रर्मिनलसम्मको सडकमा दाँहिनपट्टी भूमिगतको काम सम्पन्न भएको छभने देब्रेपट्टी भूमिगतगर्ने काम बाँकी छ । उहाँले फाउण्डेसन राख्ने काम सकिएको छ । केही ठाउँमा मुख्य लाइन जडान बाँकी छ । ३३ केभी जडानको काम सकिएको छभने ११ केभी र ४०० भोल्टको केवल राख्ने काम जारी छ भन्नुभयो । पारस बसपार्कबाट गोन्द्राङ्तर्फको कामका लागि सडक विभागसँग अनुमति लिने प्रक्रिया भइरहेको इञ्जिनीयर सुवेदीले जानकारी दिनुभयो । उहाँले वर्षाको समयमा फाउण्डेसन निर्माणमा कठीनाइ हुने भएकाले केही समय ढिला हुने देखिएको छ भन्नुभयो । खाल्डा खन्ने क्रममा पानी आउने भएकाले वर्षापछि त्यस क्षेत्रको काम शुरु गरिने उहाँले बताउनुभयो । सडक विभागबाट अनुमति आएसँगै काम अघिबढाइने उहाँले जानकारी दिनुभयो । केन्द्रीय बस ट्रर्मिनलबाट गोन्द्राङ्सम्मको सडकमा पहिला ३३ केभिए लाइनमात्रै भूमिगतगर्ने भनिए पनि अहिले थपगरी ११ केभिए र ४०० भोल्टको लाइनलाई भूमिगत गरिने उहाँको भनाइ छ । पछिल्लो सम्झौता अनुसार भरतपुर महानगरपालिकाभित्र चनौली लाइन जडानका लागि भरतपुर **बाँकी ४ पेजमा**

## अन्तराष्ट्रिय

# इरान र अमेरिकाबीच चौथो चरणको वार्ता हुने

मस्कट । तेहरानको आणविक कार्यक्रमलाई लिएर अमेरिकासँग ओमानमा चौथो चरणको वार्ताअघि इरानका विदेशमन्त्री अब्बास अराघचीले हिजो आइतबार देशको आणविक संवर्धनको अधिकार 'गैर-सम्झौता योग्य' भएको बताउनुभएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहिलो कार्यकालमा सन् २०१८ मा ऐतिहासिक आणविक सम्झौताबाट वाशिंटन पछि हटेपछि दुई प्रतिद्वन्द्वीबीचको उच्च-स्तरको सम्पर्कलाई चिह्नित गर्दै लगभग एक महिनाअघि शुरु भएको वार्तालाई यो वार्ताले अनुसरण गर्दछ । "समृद्धि क्षमता इरानी राष्ट्रको सम्मान र उपलब्धिहरु मध्ये एक हो", विदेशमन्त्री अराघचीले मस्कट प्रस्थान गर्नुअघि एक भिडियोमा यो मुद्दा 'गैर-सम्झौता योग्य' रहेको उल्लेख गर्दै भन्नुभयो, "हामीले आज बिहान तेहरानमा थप परामर्श गऱ्यौं र यस चरणमा हामी निर्णायक विन्दुमा पुग्ने आशा गर्दछौं ।" यस सप्ताहन्तमा अराघची साउदी अरेबिया र कतारमा रहेको बेलामा ट्रम्प अर्को साता आफ्नो पहिलो प्रमुख विदेश भ्रमणका लागि खाडीतर्फ जाँदैगर्दा यस क्षेत्रमा कूटनीतिक गतिविधिको वृद्धिका बीचमा यो आएको हो॥ दुवै पक्षले अघिल्लो चरणपछि प्रगति भएको रिपोर्ट गरेका छन् । तर इरानको युरेनियम संवर्धनगर्ने अधिकारमा केही ढिलाइ र असहमति भएको छ । एक अमेरिकी दूतले यसलाई 'लक्ष्मण रेखा' भनेका छन् । इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईका अनुसार मस्कटमा मध्याह्नतिर वार्ता शुरु हुने कार्यक्रम छ । वार्ताकारहरुले बैठकका क्रममा अमेरिकी प्रतिबन्धहरुबाट राहतका लागि दबाब दिने उहाँले बताउनुभयो । मस्कट पोलिसी काउन्सिल थिंक ट्यांकका अध्यक्ष युसुफ अल बुलुसीले भन्नुभयो, "दुवै पक्ष अहिलेसम्म सफलतामा पुगेका छैनन् र यसमा केही समय लाग्नेछ तर म आशावादी छु ।" चौथो चरण शुरुमा मे ३ मा हुने तय गरिएको थियो तर मध्यस्थकर्ता ओमानले 'लजिस्टिक कारणहरु' भन्दै पुनर्निर्धारित गरिएको थियो । अमेरिकासहितका पश्चिमी देशहरुले लामो समयदेखि इरानले आणविक हतियारहरु प्राप्तगर्न खोजिरहेको आरोप लगाएका छन् । तेहरानले आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण उद्देश्यका लागि भएको भन्दै उक्त दाबीलाई लगातार अस्वीकार गर्दै आएको छ । इरानले हाल ६० प्रतिशत शुद्धतामा युरेनियम संवर्धन गर्दछ । यो वाशिंटन र अन्य विश्व शक्तिहरुसँग सन् २०१५ को सम्झौतामा निर्धारित तीन दशमलव ६७ प्रतिशत सीमा भन्दा धेरै तर हतियार-ग्रेड सामग्रीका लागि आवश्यक ९० प्रतिशत भन्दाकम हो । वाशिंटनको प्रतिनिधिमण्डलको नेतृत्व गरेका अमेरिकी मध्यपूर्वका दूत स्टिभ विटकफले शुक्रबारको अन्तर्वार्तामा इरानको 'संवर्धन सुविधाहरु ध्वस्त पार्नु पर्ने' बताउनुभएको छ । "त्यो हाम्रो लक्ष्मण रेखा हो ।

कुनै संवर्धन छैन", शुरुमा तेहरानले नागरिक उद्देश्यका लागि युरेनियमको निम्न-स्तरको संवर्धन कायम राख्न लचिलोपन सुझाएपछि उहाँले अमेरिकी दक्षिणपन्थी आउटलेट ब्रेइटबार्ट न्युजलाई भन्नुभयो, "यदि वार्ता फलदायी भएन भने... तिनीहरु जारी रहने छैनन् र हामीले फरक बाटो लिनुपर्नेछ ।"ट्रम्पले इरानको विवादित आणविक कार्य बन्द भएको 'पूर्ण प्रमाणीकरण' चाहेको बताउनुभएको छ र विदेशमन्त्री मार्को रुबियोले तेहरानलाई सबै युरेनियम संवर्धन त्याग्न जोड दिनुभएको छ । अघिल्ला चरणहरुमा तेहरानका प्रमुख वार्ताकार आराघचीले बारम्बार इरानको युरेनियम संवर्धन गर्ने अधिकारको रक्षा गर्नुभएको छ ।"दबाब वार्तामा एक रणनीति हो त्यसैले उनीहरुले यसलाई लाभका रुपमा प्रयोग गरिरहेका छन्, तर यसले वास्तवमा वार्ताको वातावरणलाई असर गरिरहेको छ", बुलुसीले भन्नुभयो । इरानले आफ्नो अनुपालन फिर्ता लिन शुरुगर्नुअघि वाशिंटनले फिर्ता लिएपछि एक वर्षसम्म सन् २०१५ सम्झौताको पालना गरेको थियो । जनवरीमा कार्यालयमा फर्किएपछि ट्रम्पले तेहरानविरुद्ध आफ्नो 'अधिकतम दबाब' दृष्टिकोणलाई पुनर्जीवित गर्नुभएको छ । यद्यपि उझहाँले आणविक कूटनीतिलाई समर्थनगर्दै तर असफल भएमा सम्भावित सैन्य कारबाहीको चेतावनी दिनुभएको छ । वार्ताहरु तेहरानको आणविक कार्यक्रमका प्रमुख पक्षहरुको, विशेष गरी यसको समृद्ध युरेनियमको भण्डार र यसको संवर्धन गतिविधिहरुको गतिको नवीकरण निगरानीका बीचमा हुँदैछ । युरोपेली सरकारहरुले सन् २०१५ को सम्झौता अन्तर्गत 'स्न्यापब्याक' संयन्त्रलाई ट्रिगरगर्ने कि नगर्ने विचार गरिरहेका छन् । यसले इरानी गैर-अनुपालनको प्रतिक्रियामा संयुक्त राष्ट्र प्रतिबन्धहरु पुनःस्थापित गर्नेछ । यो विकल्प अक्टोबरमा समाप्त हुन्छ । रासस/एएफपी

डा.केशव देवकोटा
प्रधान सम्पादक
मो. ९८५१०९८७०३
krdevkota@gmail.com
sandhyakalin977@gmail.com
सम्पर्क : काठमाडौं–३१ बागबजार,
फोन/फ्याक्स ५३३२८९०
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि. भक्तपुर
फोन. : ६६१७७४० पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं

## सम्पादकीय

# पारित सरकारको नीति तथा कार्यक्रमले देखाएको अशली चित्र

सरकारको नयाँ नीति तथा कार्यक्रम संसदको हिजोको बैठकबाट पारित भएपछि अब आगामी आबका लागि नयाँ बजेट निर्माणगर्ने बाटो खुलेको छ। नभन्दै हिजैबाट संसदमा प्रिबजेटकाबारेमा पनि छलफल शुरु भैसकेको छ। संसदको हिजोको बैठकमा प्रधानमन्त्रि केपी ओलीले बिभिन्न पार्टीका सांसदहरुको जिज्ञासाको उत्तर पनि दिनु भएको थियो। जसमा उहाँले बर्तमान सरकार सहमतिका आधारमा नयाँ ढंगले प्रस्तुत हुन लागेको कुरापनि स्पष्ट गर्नुभएको थियो। हिजैको बैठकले संसदमा सरकारको नीति तथा कार्यक्रमकाबारेमा प्रस्तुत भएको ३७ वटा संशोधन प्रस्तावलाई पनि खारेज गरेका कारण सरकार सबैतिरका झन्झटबाट मुक्तभएको देखिएको छ। त्यसैगरी अर्थमन्त्री विष्णु पौडेलले पनि हिजैको बैठकमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेर अर्थतन्त्रको चित्र पनि जनप्रतिनिधिहरुका माझमा राख्नु भएको थियो। राष्ट्रपति रामचन्द्र पौडेलले गत १९ गते संसदमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएपछि त्यसबारे बिभिन्न किसिमका टिकाटिप्पणीहरु शुरुभएका थिए। प्रधानन्त्रीले हिजोको संसदको बैठकमा त्यसमाथि उठेका प्रश्नको जवाफ दिएपश्चात निर्णयार्थ पेशगरिएको थियो। प्रतिनिधिसभामा नीति तथा कार्यक्रममाथि गत २२ गतेदेखि छलफल थालिएको थियो। नीति तथा कार्यक्रममाथि ३७ वटा संशोधन प्रस्ताव दर्ता गरिएको थियो। ती सबै प्रस्ताव हिजो निर्णयार्थ पेश गरिँदा बहुमतले अस्वीकृतसमेत भैसकेका छन्। हिजोको राष्ट्रियसभाको बैठकमा नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले जनताका चाहना र मुलुकको आवश्यकतालाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्षको बजेट प्रस्तुत हुनुपर्ने बताएर नयाँ बजेटकाबारेमा नेपाली कांग्रेसको धारणालाई स्पष्ट गर्ने/गराउने प्रयास गर्नुभएको थियो।

आगामी आबको नीति तथा कार्यक्रममा समावेश भएका विकास-निर्माणका कार्यक्रमका निम्ति पर्याप्त बजेट विनियोजन हुनुपर्नेमा उहाँको जोड थियो। शिक्षा विधेयक, निजामति सेवा विधेयक, प्रहरी ऐनजस्ता महत्वपूर्ण कानून यसै अधिवेशनबाट पारितगर्ने विषय नीति तथा कार्यक्रममा समावेश हुनु सकारात्मक पक्ष भएको उहाँको भनाइ रहेको देखिन्थ्यो। त्यसैगरी नेकांका नेता सिटौलाले शान्तिप्रक्रिया सम्बन्धी बाँकी काम चाँडै निष्कर्षमा पुर्‍याउन सत्ता र प्रतिपक्ष मिल्नुपर्ने प्रस्ताव पनि अगाडि सार्नुभएको देखिएको थियो। हिजोको संसदको बैठकमा मजदुर, किसान, दलित, महिला तथा पछीडिएका क्षेत्रका जनताका अपेक्षानुसार आगामी आबको बजेट प्रस्तुत हुनुपर्ने कुराहरु पनि उठेका छन्। राष्ट्रिय सहमति कायम गरेर संविधान संशोधन गर्नुपर्नेमा पनि कतिपय सांसदहरुले जोड दिनुभएको देखिएको थियो। समग्रमा हेर्दा यस पटकको नीति तथा कार्यक्रममा कतिपय त्रुटी रहेको र छलफलका लागि पर्यात समय पनि उपलब्ध हुन नसकेकोभन्ने लगायतका कुराहरु उठेका छन्। जसले आगामी आबको बजेटलाई पनि असरगर्ने देखिएको छ। देशको आर्थिक अवस्था खस्कँदै गएको, राजनीतिक परिचालनका बढी र विकासमा न्युन रकम खर्च हुन थालेको र प्रमुख प्रतिपक्ष लगायतले सरकारलाई सहयोग नगरिरहेको हालको अवस्थामा सरकारले यसरी संसदमा बुहमत रहैकै आधारमा आफ्नो ढंगले फाष्ट ट्रयाबाट सरकारको नीति तथा कार्यक्रम र बजेट पारित गराउने प्रयास गर्नु/गराउनु हुने थिएन। यसले भाबि दिनमा सरकारमा रहेकाहरुलाई कामगर्न असहजपर्ने देखिएको छ। नेकां र एमालेजस्ता पार्टीहरुले सहमतीय राजनीतिमा बढी जोडदिनु उपयुक्त हुन्छ।

## समसामयिक

भीष्मराज ओझा

# जलवायु संकट समाधानमा साझा धारणाको महत्व

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु परिवर्तनको प्रभावबाट मुलुकले भोग्नुपरेका असरबारे विश्वको ध्यानाकर्षण गराउन र समाधानका लागि साझा धारणा बनाउन सगरमाथा संवादको आयोजना गर्न लागिएको बताउनुभएको छ। मन्त्री शाहीले नेपालले संरक्षणमा गरेको आफ्ना असल अभ्यासबारे विश्वलाई जानकारी गराउन र जलवायु संकट समाधानमा विश्वका असल अभ्यास तथा सामाधानका उपाय सिक्नका लागि संवाद उपयोगीसिद्ध हुने उल्लेख गर्नुभयो। सरकारले आगामी जेठ दुईदेखि चारगतेसम्म काठमाडौंमा सगरमाथा संवादको पहिलो संस्करण आयोजना गर्दैछ। आगामी दिनमा यो संवाद प्रत्येक दुईबर्षमा आयोजनागर्ने सरकारको निर्णय छ। संवादको तयारी सम्बन्धमा रासससँग कुरागर्दै मन्त्री शाहीले तयारी अन्तिम चरणमा पुगेको जानकारी गराउनुभयो।

यस बर्ष आयोजना हुने संवादको प्रमुख विषय जलवायु परिवर्तन, पर्वत र मानव भविष्य रहेको छ। उहाँले संवादमा छिमेकी मित्र राष्ट्रहरुलगायत कोप-२९ का अध्यक्षलगायत विशिष्ट व्यक्तित्वहरुलाई आमन्त्रण गरिसकेका छौँ र अधिकांश आउने विदेशी पाहुनाहरुको निश्चित पनि भइसकेको छ भन्नुभयो। यस कार्यक्रममा धेरै देशका मन्त्री, नेता, नीति निर्माता, उच्च सरकारी अधिकारी, दातृ निकायका प्रमुख, कूटनीतिक नियोगका प्रमुख, शैक्षिक व्यक्तित्व, जलवायु विज्ञहरुका साथै वन वातावरणमा ख्यातिप्राप्त ३५ भन्दा बढी राष्ट्रका विदेशी पाहुनाको सहभागिता रहने उहाँले अपेक्षा व्यक्त गर्नुभयो। संवादमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय गरी करिब ३०० बढी विशिष्ट व्यक्तित्वहरुको सहभागिता रहने बताइएको छ। यस कार्यक्रममा पहिलो दिनको साँझ विदेशी पाहुनाहरुका लागि प्रधानमन्त्रीको समुपस्थितिमा गाला डिनर कार्यक्रमको तयारी गरिएको छ। उहाँले संवादको अवधिमा उच्चस्तरीय उद्घाटन सत्रसहित एक प्लेनरी छलफल हुने र बिभिन्न विषयमा १२ वटा समानान्तर सत्र तथा केही साइड इभेन्टहरु पनि हुने जानकारी गराउनुभयो।

तेश्रो तथा अन्तिम दिन हिमाल देखाउनका लागि पर्वतीय उडानको व्यवस्था मिलाइएको छ। संयुक्त राष्ट्रसंघले यो बर्ष २०२५ लाई अन्तरराष्ट्रिय हिमनदी संरक्षण बर्षकारुपमा घोषणा गरेको सन्दर्भमा संवादमा पनि महत्वकासाथ हिमालका विषय उठाइने छन्। संवादमा खासगरी हिमालदेखि समुद्रसम्म परिरहेका असरहरु दिगो हरित अर्थ व्यवस्था, जलवायु हानिनोक्सानी न्यूनीकरण, जलवायु न्याय र मानवताको भविष्य, क्षेत्रीय र वैश्विक साझेदारी लगायत विषयमा छलफल गरिने मन्त्री शाहीले बताउनुभयो। उहाँले संवादको तेश्रो दिन काठमाडौँ घोषणा हुने छ। हामीले संवादमा हुने छलफल, मन्थन, संवादबाट निस्किने निचोड तथा निष्कर्षलाई नीति निर्माणमा समेट्ने प्रयास गर्नेछौँ। हामीले आउँदो बजेटबाटै हिमाली क्षेत्रमा रहेका पालिकाहरुमा परिरहेको संकटलाई मध्यनजर गरेर केही बजेट विनियोजनका लागि पहल लिने छौँ भन्नुभयो। साथै यस मञ्चबाट निस्केका निचोड र विषय अन्तरराष्ट्रिय मञ्चहरु जस्तै कोप, संयुक्त राष्ट्रसंघको साधारण सभासमेतमा मुखरितगर्ने उहाँको भनाइ थियो। उक्त घोषणामा टेकेर कतिपय जलवायु कोष, हरित कोष, हानि तथा नोक्सानी कोषहरुमा पहुँच वृद्धि गर्नेलगायत काम गर्ने मन्त्री शाहीले उल्लेख गर्नुभयो। त्यस्तै नेपालले विश्व रुपमा स्थापित जलवायु कोषहरु विश्व जलवायु कोष, अनुकूलन कोष, हानिनोक्सानीको क्षतिपूर्ति कोष, विश्व वातावरण कोष, जलवायु लगानी कोषमा पुहँच प्रस्ताव गरिने छ। हरित गृह ग्यास उत्सर्जनमा नेपालको योगदान नगण्य रहेको उल्लेखगर्दै मन्त्री शाहीले भन्नुभयो-हामी जलवायु परिवर्तनको कारक होइनौं। विश्वव्यापी हरितगृह ग्यासको उत्सर्जनमा हाम्रो भूमिका न्यून छ। तर जलवायु परिवर्तनका असरबाटभने अत्यन्त प्रभावित भइरहेका छौँ।

बढ्दो जलवायु परिवर्तन, वायु प्रदूषणलगायतका विश्वव्यापी संकटले हाम्रोजस्तो अल्पविकसित, हिमाली देश र यहाँका नागरिक आक्रान्त छन्। विश्वमा विकसित राष्ट्रहरु जहाँ ठूलाठूला उद्योगधन्दा, कलकारखाना रहेका छन्, यातायात, खानीहरु अत्यधिक छन्, त्यहाँ जैविक इन्धन, ग्यास तथा कोइलाको दोहन अत्यधिक छ। जसले गर्दा हरित गृह ग्यास उत्सर्जन बढ्दो गतिमा छ। पृथ्वीको तापक्रम बढ्दै छभने जलवायु परिवर्तन निरन्तर असामान्य हुँदै गइरहेको छ। अझ हिमाली क्षेत्रमा विश्व तापमान वृद्धिको असर बढी परेको उहाँले बताउनुभयो। उहाँले नेपाललाई त नखाएको विष लागेजस्तो भएको छ। खासगरी जलवायु परिवर्तनका असरबाट हिमाली क्षेत्र बढी प्रभावित भइरहेको छ। केही दशक अगाडिसम्म सेताम्य रहने हिमाल हाल कालापहाड बन्ने खतरा बढेको छ। हिमालमा हिउँ पग्लिने क्रम बढ्दै जाने हो भने हिमताल फुट्दै जाने देखिन्छ। हामीले गत बर्ष सोलुखुम्बुस्थित थामेको उदाहरण लिन सक्छौँ। जहाँ एउटा हिमताल फुट्दा पूरै गाउँको अस्तित्व मेटिने डरलाग्दो अवस्था बनेको छ भन्नुभयो। गत बर्ष नै कञ्चनपुरको दोधरा चाँदनी क्षेत्रमा हालसम्मको अधिक वर्षा भएको रेकर्ड गरिएको थियो। त्यस्तै गत असोजको दोस्रो साता काठमाडौँ र आसपासका क्षेत्रमा समेत अत्यधिक वर्षा भएको तथा त्यसले ठूलो जनधनको नोक्सानी व्यहोर्नुपरेको थियो। यी विपद् र अस्वाभाविक मौसमी उदाहरणले आउने भविष्यको खतराप्रति इशारा गरेको बताउँदै उहाँले जलवायुको खतराको घण्टी बजिसकेको भन्दै चिन्ता व्यक्त गर्नुभयो। नेपालको आफ्नै श्रोत साधनले मात्र ठूलाठूला विपद्का घटना, बाढीपहिरो, मरुभूमिकरण, हिमताल फुटने, भूक्षय, पानीका श्रोत सुक्ने, कतिपय ठाउँमा त बसाइँसराइ पनि हुनेजस्ता विषय सम्बोधनगर्न गाह्रो छ। मन्त्री शाहीले मन्त्रालयले लामो समयदेखि रोकिएका नीति, कानून निर्माण, तथा अन्तरराष्ट्रिय जलवायु पैरवीमार्फत मन्त्रालयले गत बर्षमा थुप्रै नीतिगत सुधार र विकासका दिशामा उल्लेखनीय प्रगति गरेको बताउनुभयो। सरकारले तयार गरिरहेको राष्ट्रिय निर्धारण योगदान (एनडिसी) तेश्रोलाई वातावरणमैत्री बनाउँदै विश्वकै उदाहरणीय तथा अनुकरणीय दस्तावेज बनाउने प्रयास भइरहेको मन्त्री शाहीले जानकारी गराउनुभयो। यसको तयारीका क्रममा विकास साझेदार संस्थाहरुसँग सहकार्यगरी सातवटै प्रदेशमा छलफल र सुझाव संकलन गरिएको छ। झण्डै एक हजारभन्दा बढी विज्ञ तथा सरोकारवालाको प्रत्यक्ष सहभागिता रहेको छ र, उनीहरुको चासो र **बाँकी ४ पेजमा**

# बालबालिकामा हेपाटाइटिस संक्रमण बढ्दो

काठमाडौं। काभ्रे पलाञ्चोकको नमोबुद्ध नगर पालिकाका चार वटा वडाका बालबालिकामा हेपाटाइटिस संक्रमण भएको छ। नगरको केन्द्र भकुण्डेबेँशी वरपरका ती वडाका केही बिरामी परेका र स्थानीय अस्पतालमा उपचार गराएकामध्ये १८ बालबालिका संक्रमित भएका मेथिनकोट अस्पतालका चिकित्सकहरुले बताएका छन्। मेथिनकोट अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा त्रिभुवनचन्द्र झाका अनुसार वडा न २, ३, ४ र ६ का बालबालिका तथा नजिकको बिद्यालयमा अध्ययनरत बिद्यार्थीमा संक्रमण देखिएको हो। उहाँले पानी वा खानेकुराबाट संक्रमण भएको हुनसक्ने आशङ्कामा नमूना संकलन गरी परीक्षणमा पठाइएको बताउनुभयो। संक्रमितमध्ये अस्पतालमै कार्यरत एकजना चिकित्सकसमेत रहेको पाइएको छ। गतसाता मंगलबारदेखि जन्डिसलगायतक लक्षणसहित बिरामी अस्पताल आउन थालेपछि नमूना संकलन गरी परीक्षणगर्दा हेपाटाइटिस संक्रमण पुष्टि भएको अस्पतालले जनाएको छ। मेडिकल सुपरिटेन्डेन्ट झाले हेपाटाइटिस-ए वा इ हो भन्नेबारे परीक्षणपछि मात्रै यकिन गर्न सकिने राससलाई ताउनुभयो। यसैबीच, संक्रमण फैलिएपछि स्वास्थ्य मन्त्रालय तथा प्रदेश स्वास्थ्य मन्त्रालयका प्रतिनिधि, जिल्लास्थित जनस्वास्थ्य कार्यालयका प्रमुख रागिश्री कक्षपति श्रेष्ठ, नगर प्रमुख कुन्साङ लामालगायत पदाधिकारीले चिकित्सकको टोलीसँग छलफल गरी जानकारी लिएका छन्। भकुण्डेबेँशी क्षेत्रमा वितरित खानेपानी तथा बजार क्षेत्रमा बिक्री भइरहेका पानीपुरीलगायत खाद्यान्नका कारण संक्रमण भएको आशङ्का गरिएको छ। संक्रमितको सजगताका साथ उपचार गर्नेबारेमा चिकित्सकबीच छलफल भएको अस्पतालले जनाएको छ। संक्रमण फैलिन नदिन सचेत रहन आग्रह गर्दै खानेपानी, खानेकुरा र सरसफाइमा ध्यान दिन पनि अस्पतालले अनुरोध गरेको छ। अस्पतालबाट प्रभावित क्षेत्रमा खानेपानी शुद्धीकरणगर्न क्लोरिनलगायत रसायन वितरण गरिएको छ। रासस

हरेक आइतबार प्रकाशित हुने
देशप्रेम साप्ताहिक
खोजी खोजी पढ्नु होस्

**सञ्चार..**

सरकारले समानुपातिक रुपमा विज्ञापन वितरण गर्न सकेका छैनन्, यसले रेडियो बन्द हुँदैगएका छन । अब व्यावसायिक तथा सामुदायिक रेडियोको दिगो आर्थिक व्यवस्थापन र सुदृढीकरणका लागि रेडियो सञ्चालक एवं सरकारले ठोस योजना बनाउनुपर्छ भन्नुभयो । रेडियो सेभेन स्टार बैतडीका सञ्चालक अमर भट्टराईले स्थानीयस्तरमा व्यापार, व्यवसाय संकटमा छन्, सरकारी निकायबाट खासै सहयोग छैन, विज्ञापन आउन छोडिसक्यो भन्नुभयो । रेडियो टिकापुर कैलालिका प्रमुख एकेन्द्र तिमल्सेनाले सरकारी निकायबाट विज्ञापन नआउने र स्थानीय व्यापार पनि नफष्टाउँदै आम्दानी दिगो श्रोत नहुँदा आफूहरुले संकटको सामना गर्नुपरेको बताउनु भएको छ । रेडियोकर्मी शिव ओलीले सानो ठाउँमा धेरै रेडियोहुँदा विज्ञापनका लागि अस्वस्थ प्रतिस्पर्धा बढिरहेकाले सरकारी संयन्त्रले नै विज्ञापन दर निर्धारण गरिनुपर्ने बताउनु भएको छ ।

**शिबसेना...**

अदालतमा उपस्थित गराई थुनामा राख्न दुई दिनको म्याद लिइएको काठमाडौं प्रहरी परिसरले जनाएको छ । चैत १५ गतेको कार्यक्रमका आयोजक व्यवसायी दुर्गा प्रसाई हाल अनुसन्धानका क्रममा प्रहरीको हिरासतमा रहनु भएको छ ।

**बिभिन्न...**

भनिन्छ उनी झुण्डिएको अवस्थामा देखेपछि कारागारका नाइके बिमल सिंहले कारागारको सुरक्षार्थ खटिएका प्रहरी सहायक निरीक्षक रतन नेपालीलाई खबर गरेका थिए । मृतक बलात्कार आरोपमा गत चैत पाँचगतेदेखि पुर्पक्षको लागि थुनामा थिए । त्यसैगरी खोटाङका श्रीमतीको कुटाइबाट घाइते भएका हलेसी तुवाचुङ नगरपालिका-९ सल्ले माथिल्लो चिचिंगाका कर्ण राईको मृत्युभएको छ । रेनुका राईको कुटाइबाट घाइते भएका राईको उपचारका क्रममा मृत्युभएको प्रहरीले जनाएको छ । मकैबारी काम गरिरहेका बेला बिवादहुँदा कोदालोको पासोले प्रहारगर्दा घाइते भएका राईको अन्नपूर्ण न्यूरो अस्पताल काठमाडौंमा उपचारका क्रममा मृत्युभएको जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी सुशान्त मिश्रले बताउनु भएको छ । घाइते राईलाई दुर्छिमस्थित नगर अस्पतालमा उपचारगर्न लैजाँदा सम्भव नभएपछि हेलिकोप्टरमार्फत काठमाडौं ल्याइएको थियो । रेनुकालाई प्रहरीले तत्काल पक्राउ गरेको थियो ।

**इन्जिनियर..**

मर्यादा विपरितका कार्यगरी गैरकानूनी सम्पत्ति आर्जन गरेको देखिएको छ । सो अवधिमा पौड्यालले आर्जन गरेको तलबी पारिश्रमिक, बैठक भत्ता, निज तथा परिवारको नाममा रहेको जग्गा बिक्री आय, बिमा परिपक्व आय, लाभांश, ऋण कर्जा आय, औषधि उपचार आय, कृषि आय लगायत कुल वैध आय रकम दुईकरोड ५८ लाख ९७ हजार ३२४ रुपैयाँ छ । त्यसैगरी सो अवधिमा निजको घर निर्माण खर्च, जग्गा खरिद, अध्ययन खर्च, पिस ब्याङ्कुट एण्ड रेष्टुरेन्ट प्रालिमा लगानी, सवारी साधन खरिद, शेयर खरिद, ऋण सापटी भुक्तानी, सुन खरिद, बिमा प्रिमियम भुक्तानी र बैंक मौज्दातगरी कुलव्यय छकरोड २२ लाख १८ हजार ५३२ रुपैयाँ देखिएको छ । निजको कूल व्ययमा कूल आय घटाउँदा तीनकरोड ६३ लाख २१ हजार २०७ रुपैयाँ गैरकानूनी सम्पत्ति आर्जन देखिएकोले सो रकम बिगो कायमगरि त्यस बराबरको सम्पत्ति जफतगरि पाउन मागदाबी लिइएको आयोगको विज्ञप्तिमा उल्लेख छ । आयोगकाअनुसार पौड्यालले सार्वजनिक सेवाको पदमा रहँदा गैरकानूनीरुपमा सम्पत्ति आर्जन गरेको र सोबाट बढाएको सम्पत्तिसमेत श्रीमती विष्णुमैया पौड्यालका नाममा राखेको देखिएकोले प्रचलित कानून बमोजिम श्रीमती पौड्याललाई प्रतिवादी कायम गरि आइतबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको हो ।

**गभर्नर...**

गरिएको छ । सो रिटमा अधिकारीसमेत संलग्न समितिले गरेको सिफारिस गैरकानूनी हुने जिकिर पनि गरिएको छ । अधिकारी गभर्नर पदमा बहाल रहेकै बेला गठन भएको समितिमा पूर्वगभर्नरको हैसियतमा अधिकारी नियुक्ति गर्नु गैरकानूनी रहेको निवेदकको दाबी छ । नेपाल राष्ट्र बैंकको गभर्नरबाट अधिकारीले उमेरहदका कारण गत चैत २४ गते अवकाश पाउनु भएको थियो । सरकारले अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षतामा गत चैत १६ मै गभर्नर सिफारिस समिति बनाएको थियो । सो समितिमा राखिएका पूर्वगभर्नर विजयनाथ भट्टराईले राजीनामा दिएपछि अधिकारीलाई बैशाख १७ गते नियुक्त गरिएको थियो । पदमा बहाल रहकै बेला गठन भएको समितिले काम थालिसकेको अवस्थामा अवकाशलगत्तै गरिएको नियुक्ति कानूनविपरीत र स्वार्थ बाझिने खालको भएको निवेदकको जिकिर छ। निवेदकले यसरी गैरकानूनीरुपमा नियुक्त सदस्य रहेको समितिले गरेको सिफारिस कार्यान्वयन नगर्न, सिफारिसअनुसार सरकारले निर्णय गरेको भए सो निर्णय बदरगर्न र तत्काल अन्तरिम आदेशमार्फत समितिलाई सिफारिसगर्न रोकलगाउन माग गरेको पाइएको छ । त्यसैगरी गभर्नर छनोट सिफारिस समितिमा रहनु भएका विश्व पौडेलले पनि हिजै पदबाट राजीनामा दिनु भएको छ । पौडेलले अर्थमन्त्री तथा छनोट समितिका संयोजक विष्णु पौडेलसमक्ष राजीनामा बुझाउनु भएको हो । नेपाली काँग्रेसले पौडेललाई आगामी गभर्नरकारुपमा अघिसारेको छ बताइन्छ ।

**१६ जना..**

नजिकै चाँगुनारायण नगर पालिका-२ दुवाकोटबस्ने दोलखा घर भएका धनबहादुर फुयालको मुस्ताङ खाजा घरमा जुवातास खेलिरहेको अवस्थामा ललितपुर हरिसिद्धिबस्ने काभ्रेको तेमाल घर भएका अमर तामाङ समेतका सात जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनीहरुलाई नगद ८८ हजार ४२५ रुपैयाँ र एकबुक तासससहित पक्राउ गरेको हो । त्यसैगरी भक्तपुरको चाँगु नारायण नगरपालिका-१ दुवाकोट बेशीबस्ने दोलखा घरभएकी तुलसी ओलीको खाजा घरमा जुवातास खेलिरहेको अवस्थामा तुलसी समेतका पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनीहरुलाई नगद ५४ हजार ६५० रुपैयाँ र एक बुक तासससहित पक्राउ गरेको थाहाभएको छ ।

**आगलागी..**

आगलागी भएको केहीबेरमानै आगो निभाइएको थियो । उक्त घर जलेर नष्टहुँदा कति क्षति भयो ? भन्नेबारे अनुसन्धान भइरहेको सूचना अधिकारी न्यौपानेको भनाई छ ।

**राप्रपाको..**

सातगतेभित्र जिल्ला, पालिकाहरुमा संयुक्त आन्दोलन समिति गठनगर्ने निर्देशनदिँदै मूल समितिको बैठकले विचार र अभिव्यक्ति स्वतन्त्रता निषेधगर्ने कानून बनाउने सरकारको तयारीको विरोधगर्ने निर्णय पनि गरेको छ । जनआन्दोलनमा आम उपत्यकावासीको सहभागीताका लागि टोल, टोलमा घरदैलो, कोणसभा र जागरणका विविध गतिविधि सञ्चालनगर्ने निर्णय गरिएको बताइन्छ । आगामी जेठ ११ गतेसम्म सञ्चालन हुने प्रचारात्मक कार्यक्रम सबै नगरपालिकामा सयौं सभाहरुगर्दै भक्तपुरको चाँगुनारायणमा समापन हुनेछ । हिजो आइतबार बिहान सुकेधारास्थित नवदुर्गा पार्टी प्यालेसमा पनि समितिको आयोजनामा विभिन्न ४४ वटा दल, संस्था, समूह र अभियानको संयुक्त बैठक बसेको थियो। राजावादीहरुले राजसंस्था र हिन्दुराष्ट्रको पुनर्स्थापना तथा संघीयताको खारेजीलगायतका एजेण्डामा आन्दोलनगर्ने घोषणा गरेका छन्।

**भूमीगत..**

महानगरको मुख्य शहरी क्षेत्रमा भूमिगतमार्फत कामगर्दै लगिने उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार भरतपुर महानगरभित्र बिद्युतीय तार भूमिगतगर्नका लागि एकअर्ब ४० करोड लागत लाग्ने छ । शुरुवाती समयमा एक अर्ब ३० करोड बजेट भरतपुरलाई विनियोजन गरिएको थियो । निर्माणको ठेक्का भारतको टाटा प्रोजेक्ट लिमिटेडले लिएर बिद्युतीय तार भूमिगतगर्ने काम गरिरहेको सुवेदीले बताउनुभयो । ठेक्का सम्झौता अनुसार पहिलो चरणको समय सन् २०२४ को जनवरी २० मा सकिएसँगै पुन: आठ महिनाका लागि समय थप गरी काम अघि बढाइएको छ । काम थपहुँदै जाँदा समय पनि थपगरिँदै लगिएको उहाँले बताउनुभयो । एशियाली विकास बैंकको सहयोगमा प्राधिकरणले यो आयोजना अघि बढाएको हो । रासस

**जलबायु..**

विचार समेटिएको छभने मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरिएको एनडिसी तेश्रोको मस्यौदामा प्राप्त सुझावहरु पनि समावेशगरी थप परिष्कृत गरिने उहाँको भनाइ छ । नेपालले सञ्चित गरेको कार्बनलाई अन्तरराष्ट्रिय र स्थानीय समुदायमा बिक्रीगरी आर्थिक लाभ उठाउने उद्देश्यले कार्बन नियमावली-०८२ को मस्यौदा तयार पारिएको उहाँले जानकारी गराउनुभयो । साथै नेपालको कार्बन उत्सर्जन लगायतका विषय समेटिएको दुईवर्षे पारदर्शिता प्रतिवेदन अन्तिम चरणमा पुगेको छ । रासस

**संसदबाट....**

ध्यानाकर्षण गराउनुभएको थियो । सांसद अञ्जनी श्रेष्ठले चिकित्सा अध्ययनलाई सुलभ र व्यवस्थित बनाउन सरकारसमक्ष माग गर्नुभएको थियो । सांसद अनिशा नेपालीले जनतासँग प्रत्यक्ष सरोकार भएका सहरी विकास, ऊर्जा, खानेपानीलगायत विषयलाई समेटेर आगामी आवको बजेट विनियोजना हुनुपर्नेमा जोड दिनुभएको थियो । सांसद अब्दुल खानले वैदेशिक रोजगारीका लागि जाने श्रमिकको श्रम स्वीकृति र राहदानी वितरणलाई सहज बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनु भएको थियो । सांसद अमरबहादुर रायमाझीले उदयपुरका विभिन्न स्थानका जीर्ण सडकको मर्मत र विस्तारका लागि बजेट व्यवस्थापनगर्न सरकार समक्ष माग गर्नुभएको थियो । सांसद डा अमरेशकुमार सिंहले बागमती नदीको हुलाकी पुल १५ वर्षसम्म पनि सम्पन्न नभएकोभन्दै यथाशीघ्र निर्माणका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनु भएको थियो । सांसद अर्जुननरसिंह केसीले दक्षिण एशियाको क्षेत्रीय शान्ति र स्थिरताका लागि आतङ्कवाद विरुद्ध लाग्नु सबैको दायित्व भएको बताउनुभएको थियो । सांसद आश्माकुमारी चौधरीले सरकारको नीति तथा कार्यक्रममा उद्यमशीलता, रोजगारी उत्पादन, कृषिको व्यावसायिकी करण लगायत विषय स्वागतयोग्य रहेका भन्दै निर्वाहमुखी कृषिलाई आधुनिकी करणगर्ने, कृषि उपजमा देशलाई आत्मनिर्भर बनाउनेलगायत किसानको पहुँचमा हुनेगरी बजेट विनियोजना गर्न सरकारसमक्ष माग गर्नुभएको थियो । सांसद असिम शाहले विद्युतीय सवारीसाधनको प्रवर्द्धन र प्रोत्साहनगरी विदेशी मुद्रा हासिल गर्नेतर्फ आवश्यक नीतिगत सुधार, पूर्वाधार विकास गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । सांसद उर्मिला माझीले सबैको साझा शत्रु गरिबी, अशिक्षा र बेरोजगारी हो भन्दै शिक्षा, स्वास्थ्य र रोजगारीमा सबै नेपालीको पहुँच वृद्धिगर्न सरकार समक्ष माग गर्नुभएको थियो । सांसद ऋषिकेश पोखरेलले मोरङका उत्तर-दक्षिण बग्ने विभिन्न आठखोला अघिल्लो वर्षको बाढीले कटान गरेर हालसम्म तटबन्ध बन्न नसकेकाभन्दै वर्षायाम शुरु हुन लागेकाले खोलाको तटबन्दनका लागि बजेट विनियोजन गर्न सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । सांसद एकना ढकालले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको व्यवस्थापकीय सुधारगर्दै अध्यागमनलाई प्रभावकारी बनाउन, यात्रुमैत्री सेवा, सुरक्षित र सफा बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनु भयो । सांसद कालुराम राईले झापा र इलामको बीचमापर्ने चुरिया पर्वतको नदीमा नयाँ प्रजातिको कछुवा फेलापारेको जनाउँदै यसलाई राष्ट्रिय चुरे संरक्षण आयोजनाको एकीकृत जलाधार व्यवस्थापनभित्र विशेष प्राथमिकतामा राख्न सरकारसँग माग गर्नुभएको थियो ।


## विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्र भित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकबिहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाईकेन्द्रहरुले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका, सीमान्तकृत समूहका, अपाङ्गता भएका बालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

**सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।**

नेपाल सरकार
**बिज्ञापन बोर्ड**